ताराखोला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ

प.सं.०७९।०८०

गण्डकी प्रदेश नेपाल ।

तारखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्गल, बागलुङ
गण्डकी प्रदेश, नेपाल

## शहिद, बेपत्ता परिवार र घाईते अपाङ्गहरुको लागी जीवन निर्वाह भत्ता वितरण सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।६।२७)

यस गाउँपालिकामा आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार गाउँपालिका क्षेत्रमा स्थायी बसोबास गर्ने जनयुद्द, जनआन्दोलनका शहिद, बेपत्ता परिवारका सदस्य र घाईते अपाङ्गहरुलाई जीवन निर्वाह भत्ता वितरण गर्ने कार्यक्रम रहेकोले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिलको बमोजिम निवेदन र संलग्न कागजातको प्रतिलिपि सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

1. निवेदनको ढाँचा "शहिद घाइते अपाङ्गता र बेपत्ता भएका व्यक्तिलाइ जीवन निर्वाह भत्ता वितरण तथा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि,२०७९"को अनुसुची-१ बमोजिम हुनुपर्नेछ ।निवेदनको गाउँपालिकाको वेबसाइट www.tarakholamun.gov.np वा वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
2. निवेदनमा देहाय बमोजिमको कागजातहरु संलग्न गर्नु पर्नेछ :
   - निवेदनको नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
   - शहिद र बेपत्ता व्यक्ति संगको निवेदकको नाता प्रमाणित प्रमाणपत्र ।
   - शहिद वा वेपत्ताको हकमा शहिद वा बेपत्ता भएको प्रमाण शुल्ने कागजात वा स्थानिय वडाले प्रमाणित गरेको कागजातको प्रतिलिपि ।
   - घाईते अपाङ्गताको हकमा प्रचलित कानुन बमोजिम "क" वा "ख" वर्गको घाईते अपाङ्गता भएको परिचयपत्र वा विशेषज्ञ डाक्टरले गरेको प्रिस्क्रिप्सानको प्रतिलिपि ।
   - हकवालाको खाता नम्बर स्पष्ट देखिने बैंक खाता चेक प्रतिलिपि।

❖ जीवन निर्वाह भत्ता वितरण तपसिल बमोजिम हुनेछ:

क) शहिद बेपत्ता परिवारलाइ प्रतिमहिना रु १२००का दरले – एक परिवारमा एक जना नजिकको हकदारलाइ उपलब्ध गराउने ।

ख) घाईते अपाङ्ग व्यक्तिलाई घाईते प्रकृतिको आधारमा प्रतिमहिना रु १००० वा ५०० का दरले उपलब्ध गराउने ।

प्रकाश गैरे
नि. प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकाबाट स्वीकृत मितिः-२०७९/०४/१५ गते

## शहिद, घाइते अपाङ्गता र वेपत्ता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण तथा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि,२०७९

ताराखोला गाउँपालिकाको आ.व.२०७९/०८०को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम जनयुद्ध, जनआन्दोलन र स्थानीय सरकार प्राप्तिको आन्दोलनका सहिद, बेपत्ताद्धन्द पीडित परिवारका सदस्यालाई जीवन निर्वाह भत्ता वितरण कार्य तथा स्वरोजगारको कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम ताराखोला गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधी बनाएको छ ।

<u>१.संक्षिप्त नाम र प्रारम्भः</u>(१) यस कार्यविधिको नाम "<u>शहिद, घाइते अपाङ्गता र वेपत्ता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण तथा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७९"</u> रहेको छ।

(२) परिभाषाः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

<u>२. परिभाषाः</u>विषय वा प्रसङ्गले अर्को अर्थ नलाग्नेमा यस कार्यविधिमा

( क)" आन्दोलन" भन्नले सम्वत् २०६२/०६३ सालको जनआन्दोलन वा सम्वत् २०७० सालमा ताराखोला गाउँपालिका स्थापनाको लागि भएको आन्दोलन सम्झनु पर्छ।

( ख )"जनयुद्ध" भन्नले सम्वत् २०५२ साल फागुन १ गते देखि सम्वत् २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्छ।

( ग)"बैंक" भन्नाले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त 'क' वर्गको बैंकलाई सम्झनुपर्छ।

( घ)"स्थानीय तह" भन्नाले सहिद वा बेपत्ता परिवारका सदस्यहरुको स्थायी ठेगाना भएको गाउँपालिका सम्झनु पर्छ।

( ङ)"जीवन निर्वाह भत्ता" भन्नाले जनयुद्ध, जनआन्दोलन र स्थानीय सरकार प्राप्तिको आन्दोलनका शहिद परिवार,घाईतेअपाङ्गलाई प्रदान गरिने जीवन निर्वाह भत्ता सम्झनु पर्छ।

( च)"हकवाला" भन्नाले शहिद वा बेपत्ता व्यक्तिका आमा वा बुवा निज नभए श्रीमान वा श्रीमती र निज पनि नभए छोरी वा छोरालाई सम्झनु पर्छ।

(छ) "घाइते अपाङ्गता" भन्नाले आन्दोलन र जनयुद्धको क्रममा शारीरिक वा मानसिक रुपमा अशक्त भई प्रचलित कानून बमोजिम क, ख, ग वा घ वर्गको घाइते अपाङ्गता भएको परिचयपत्र प्राप्त वा विशेषज्ञ डाक्टरले गरेको प्रिस्क्रिप्शनको आधारमा निरन्तर औषधी सेवन गरिरहेको व्यक्तिलाई सम्झनु पर्छ ।

(ज)"शहिद, वेपत्ता द्धन्दपीडित परिवार" भन्नाले नेपाल सरकार वा जिल्ला प्रशासन वा स्थानीय सरकारबाट प्रमाणित भएको व्यक्ति वा परिवार सम्झनुपर्दछ । सो परिवारलाई पालिकाले विशुद्ध आयआर्जन गर्न सक्ने क्षेत्रमा परिचालन गर्नेछ र सो वापतको कार्यक्रममा रकम प्रयोग गर्नेछ ।

**<u>३. भत्ता प्राप्त गर्ने</u>:**( १) ताराखोला गाउँपालिकामा स्थायी बसोबास भई आन्दोलन र जनयुद्धको समयमा घाईते व्यक्तिले यस कार्यविधि बमोजिमको जीवन निर्वाह भत्ता प्राप्त गर्न सक्नेछन्।

( २) उपदफा ( १) बमोजिमको जीवन निर्वाह भत्ता स्थानीय तहबाट वितरण गरिनेछ।

**<u>४. सूचना प्रकाशन गर्नुपर्ने</u>:** यस कार्यविधि बमोजिमको जीवन निर्वाह भत्ता प्राप्त गर्नका लागि कम्तिमा तीस दिनभित्र सम्बन्धित स्थानीय तहमा निवदेन दिन स्थानीय पत्रपत्रिका,एफ.एम. रेडियो र अन्य सञ्चार माध्यममा सार्वजनिक सूचना प्रकाशन र प्रसारण गर्नुपर्नेछ र त्यस्तो सूचना पालिकाको वेभसाइटमा समेत राख्नु पर्नेछ।

**<u>५. निवेदन दिनुपर्ने</u>:**(१) सहिद जीवन निर्वाह भत्ता प्राप्त गर्न देहायका कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा दफा ४ बमोजिमको सूचनामा तोकिएको समयावधी भित्र सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

( क) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

( ख) सहिद वा बेपत्तासँगको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,

( ग)सहिद वा बेपत्ताको भएको प्रमाण खुल्ने कागजात वा स्थानीय वडाले प्रमाणित गरेको कागजातको प्रतिलिपि,

( घ) हकवालाको खाता नम्बर स्पष्ट देखिने बैंक खाता नम्बरको प्रतिलिपि,

(ङ) प्रचलित कानून बमोजिम क, ख वर्गको घाइते अपाङ्गता भएको परिचयपत्र प्राप्त वा विशेषज्ञ डाक्टरले गरेको प्रिस्क्रिप्शनको प्रतिलिपि ।

( २) उपदफा ( १) निवेदन प्राप्त भए पछि सम्बन्धित वडाले सहिद घाईते अपाङ्ग व्यक्ति द्धन्दपीडित, बेपत्ता परिवारका सदस्यको विवरण सङ्कलन गरी अनुसूची -२ बमोजिम ढाँचामा गाउँपालिकामा पठाउनु पर्नेछ।

**६. रकम उपलब्ध गराउने वा स्वरोजगारमुलक कार्यक्रम**ः दफा ५ को उपदफा( २ )बमोजिमको विवरण प्राप्त भए पछि गाउँपालिकाले तपसिलबमोजिमका दरले भत्ता वितरण गर्ने गरी रकम उपलब्ध गराउनु पर्नेछ।

तपसिलः-

क) शहिद वेपत्ता परिवारलाईप्रतिमहिना रु. १२०० का दरले- एक परिवारमा एक जना नजिकको हकदारलाई ।

ख) घाईते अपाङ्ग व्यक्तिलाई प्रकृतिको आधारमा प्रतिमहिना रु. १०००वा ५०० का दरले जीवन निर्वाह भत्ता उपलब्ध गराउने ।

तर, घाईते अपाङ्ग व्यक्ति पहिचानको लागि वडा समितिले घाईते अपाङ्गताको प्रकृति छुट्टाई गाउँपालिकामा सिफारिस गरेको आधारमा हुनेछ भने प्रकृति छुट्टयाउदा अपाङ्ग ब्यक्तिको हकमा रु. १००० र घाईते व्यक्तिको हकमा रु ५०० सिफारिस गर्नुपर्नेछ ।

साथै, द्धन्दपीडित परिवारलाइ आवश्यकताको आधारमा स्वरोजगारमुलक कार्यक्रम स्थानीय कोषमा रहेको रकमको आधारमा कानुन बमोजिम छनौट गरि संचालन गरिनेछ ।

**७. जीवन निर्वाह भत्ता वितरण गर्नुपर्नेः** स्थानीय तहले विवरण अध्यावधिक गरी दफा ६ बमोजिमको रकम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सहिद बेपत्ता परिवारको सदस्यको हकवालाको बैक खातामा जीवन निर्वाहभत्ता उपलब्ध गराउनु पर्नेछ।

**८. रकम माग गर्न सक्नेः**दफा ६ बमोजिमको भत्ता बापतको रकम खर्च गरी थप रकम आवश्यक भएको अवस्थामा खर्चको विवरण सहित गाउँपालिकामा माग गरी पठाउनु पर्नेछ।

**९. अनुगमन गर्न सक्नेः** भत्ता वितरणको कार्य प्रभावकारी भए नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नसक्नेछ।

**१०. प्रतिवेदन पठाउनु पर्नेः** स्थानीय तहले जीवन निर्वाह भत्ता वितरण गरी सोको विवरण सहितको प्रतिवेदन असार मसान्तभित्र अनुसूची-३ बमोजिमको ढाँचामा गाउँकार्यपालिकामा पठाउनु पर्नेछ।

**११. दुरुपयोग गर्न नहुनेः** यस कार्यविधि बमोजिम वितरण हुने जीवन निर्वाह भत्ता दुरुपयोग भएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ।

**१२. लेखा तथा लेखापरिक्षणः** स्थानीय तहले वितरण गरेको जीवन निर्वाह भत्ता खर्च निकासाको लेखा प्रचलित कानून बमोजिम राखी लेखापरिक्षण गराउनु पर्नेछ।

**१३. विवरण पेश तथा समीक्षा गर्नुपर्ने:** स्थानीय तहले जीवन निर्वाह भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण गाउँकार्यपालिकामा पेश गरी समीक्षा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१४. यो कार्यविधिले तोकेका सबै मापदण्ड मिति २०७९/०४/२० गतेबाट कार्यान्वयन भई मिति २०८५ सालको असार मसान्त सम्म मात्र लागु हुनेछ ।

१५. यो कार्यविधि गाउँपालिकामा आवश्यक परेमा पुन गाउँकार्यपालिकाबाट स्वीकृत गरि लागु गर्न कुनै वाधा पुग्ने छैन ।

आज्ञाले,
प्रकाश गैरे
नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**जीवन निर्वाह भत्ता लागि दिने निवदेनको ढाँचा**

मितिः.................

श्री.............................................................

.................................................................

**विषयः जीवन निर्वाह भत्ता उपलब्ध गराई पाउँ ।**

ताराखोला गाउँपालिकाले जारी गरेको " शहिद, घाइते अपाङ्गता र वेपत्ता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण तथा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७९"बमोजिम भत्ता उपलब्ध गराईदिनुहुन देहायका कागजात यसैसाथ संलग्न राखी यो निवदेन पेश गरेको छु।

संगल्न कागजातः

(क) निवदेकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) सहिद वा बेपत्ता सँगको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,

(ग) जिल्ला प्रशासन कार्यालयबाट प्राप्त सहिद वा बेपत्ताको भएको प्रमाण खुल्ने कागजात वा बेपत्ताको हकमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले दिएको परिचयपत्रको प्रतिलिपि,

(घ) हकवालाको खाता नम्बर स्पष्ट देखिने बैंक खाता नम्बरको प्रतिलिपि,

हस्ताक्षरः

नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं

अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**पठाउनु पर्ने विवरणको ढाँचा**

मितिः२०७.../....

श्री...............................................................

...................................................................

**विषयः सहिद तथा बेपत्ता व्यक्तिको विवरण पठाइएको सम्बन्धमा ।**

**" शहिद, घाइते अपाङ्गता र वेपत्ता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण तथा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७९**"बमोजिम जीवन निर्वाह भत्ता प्राप्तिको लागि यस गाउँपालिका..................................मा रहेका सहिद तथा बेपत्ता व्यक्तिहरुको विवरण तपसिल बमोजिम पठाईएको व्यहोरा अनुरोध छ।

**सहित तथा बेपत्ता व्यक्तिको विवरण**

| क्र सं | सहिद वा वेपत्ता व्यक्तिको नाम थर र ठेगाना | भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण | | | | | | | स्मृति भत्ता जम्मा भएको रकम | बैंकको नाम र खाता नं | रक जम्म गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भत्ता प्राप्त गर्ने हकवालाको नाम र ठेगाना | जन्म मिति वि स | नेपाली नागरिकताको प्रमाणपत्र नं जारी मिति र जिल्ला | बाजेको नाम | बाबुको नाम | आमा को नाम | सहिद वा वेपत्ता व्यक्ति सँगको नाता | | | | |
| | | | | | | | | | | | | |